आज मिति २०७७ पौष २६ गतेका दिन देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको अध्यक्ष श्री दुर्ग बहादुर थापा ज्यूको अध्यक्षतामा सातौं गाउँ सभाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री भिम बहादुर गुरुङ | गाउँ सभा सदस्य (१ नं. वडाध्यक्ष) |
| ४) | श्री पोल बहादुर आले | गाउँ सभा सदस्य (२ नं. वडाध्यक्ष) |
| ५) | श्री कृतिमान आले | गाउँ सभा सदस्य (३ नं. वडाध्यक्ष) |
| ६) | श्री पदम बहादुर गुरुङ | गाउँ सभा सदस्य (४ नं. वडाध्यक्ष) |
| ७) | श्री याल बहादुर गुरुङ | गाउँ सभा सदस्य (५ नं. वडाध्यक्ष) |
| ८) | श्री चन्द्र प्रकाश वि.क. | गाउँ सभा सदस्य |
| ९) | श्री रत्न बहादुर बोटे | गाउँ सभा सदस्य |
| १०) | श्री बाल कुमारी परियार | गाउँ सभा सदस्य |
| ११) | श्री भोगी माया राना | गाउँ सभा सदस्य |
| १२) | श्री अनिता गुरुङ | गाउँ सभा सदस्य |
| १३) | श्री यम माया गुरुङ | गाउँ सभा सदस्य |
| १४) | श्री बग माया गुरुङ | गाउँ सभा सदस्य |
| १५) | श्री सुन्दर भुजेल | गाउँ सभा सदस्य |

| | |
|---|---|
| १६) श्री मन बहादुर गुरुङ | गाउँ सभा सदस्य |
| १७) श्री नानु माया वि.क. | गाउँ सभा सदस्य |
| १८) श्री बिर बहादुर थापा | गाउँ सभा सदस्य |
| १९) श्री छविजङ्ग ठकुरी | गाउँ सभा सदस्य |
| २०) चुम बहादुर राना | गाउँ सभा सदस्य |
| २१) दुर्गा बहादुर गुरुङ | गाउँ सभा सदस्य |
| २२) मन माया वि.क. | गाउँ सभा सदस्य |
| २३) पशुपती तिवारी | गाउँ सभा सदस्य |
| २४) दुर्गामान गुरुङ | गाउँ सभा सदस्य |
| २५) कालि माया दर्जी | गाउँ सभा सदस्य |
| २६) टुकनाथ अधिकारी | गाउँ सभा सदस्य |
| २७) भोजराज नैनावस्ती | गाउँ सभा सदस्य |
| २८) ठाकुर कुमारी क्षेत्रिनी | गाउँ सभा सदस्य |
| २९) फुल माया वि.क. | गाउँ सभा सदस्य |

| | |
|---|---|
| श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

# देवघाट गाउँपालिका
# सातौं गाउँ सभा

## मिति २०७७/०९/२६ गतेको सातौं गाउँ सभाबाट भएका निर्णयहरु

१. **प्रस्तावको विषय:** स्थानीय उत्पादनको करको दायरा अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** मिति २०७७/०७/०२ गते बसेको ५७ औं बैठकबाट सुन्तला लगायतका फलफूल र गाउँपालिका क्षेत्रबाट अन्य स्थानमा निर्यात हुने वस्तु तथा सामाग्रीहरुको स्थानीय वातावरण संरक्षण शुल्क/स्थानीय सेवा शुल्कको निर्धारण गरेको करको दायरा अनुमोदन गर्ने निर्णय गरियो ।

२. **प्रस्तावको विषय:** देवघाट बुद्धिजिवी परिषद गठन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** देवघाट गाउँपालिकाको "हाम्रो देवघाट, समृद्ध देवघाट" भन्ने नारालाई सफल बनाउन देवघाट गाउँपालिकावासी तथा यस क्षेत्रमा घर जग्गा हुने आम नागरिकहरुको अनुभव तथा विज्ञताबाट "देवघाट बुद्धिजिवी परिषद" गठन गर्ने निर्णय गरियो ।

३. **प्रस्तावको विषय:** गण्डकी प्रदेशबाट विनियोजित योजना संशोधन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत देवघाट गाउँपालिका वडा नं. २ खाल्टे स्थित पाले थुम्की सामुदायिक भवन निर्माणको लागि रु. ५० लाख विनियोजन भएको र गाउँपालिका वडा नं. १ मा रहेको पशु विकास फर्म व्यवस्थापनका लागि गाउँपालिकाबाट योजना स्वीकृत हुन माग गरी पठाइएकोमा कारणवश अन्यथा हुन गई उक्त पशु विकास फर्मका लागि योजना तथा बजेट स्वीकृत नभएको अवस्थामा गत वर्ष गण्डकी प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री लेख बहादुर थापाज्यूबाट शिलन्यास गरिएको तर गाउँपालिकाको आन्तरिक श्रोतको अभावको कारण कार्यक्रम कार्यावन्यन गर्न नसकिएको हुँदा उल्लेखित स्वीकृत योजनाको लागि विनियोजित बजेट रु. ५० लाखबाट देवघाट गाउँपालिका वडा नं २ खाल्टे स्थित पाले थुम्की सामुदायिक भवन निर्माणको लागि रु. २५ लाख र देवघाट गाउँपालिका वडा नं. १ स्थित पशु विकास फर्मका लागि रु. २५ लाख हुने गरी योजना संशोधन सहित स्वीकृतिका लागि गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय तथा सम्बन्धित मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

४. **प्रस्तावको विषय:** औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट गत आ.व. २०७६/०७७ देखि प्रत्येक स्थानीय तहका लागि औद्योगक ग्राम निर्माण योजना स्वीकृत भई बजेट विनियोजन हुने गरिएकोमा गाउँपालिकाबाट आवश्यक पर्ने जग्गाको स्थान पहिचान र व्यवस्थापन भइसकेकोमा सम्बन्धित निकायबाट आ.व. २०७७/०७८ मा समेत उक्त योजना र बजेट स्वीकृत नभएको अवस्थामा गाउँपालिकाको अत्यावश्यक पूर्वाधार निर्माणको अभिन्न अंगको रुपमा रहेको औद्योगिक ग्राम निर्माण सम्बन्धि कार्य हुन नसकेको र गाउँपालिकाको वार्षिक योजना र बजेटमा समेत समावेश हुन नसकेको हुँदा चालु आर्थिक वर्ष देखि नै कार्यान्वयन गर्ने गरी गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय काठमाडौंमा आवश्यक बजेट सहितको योजना स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

नरहरि ...कोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

**५. प्रस्तावको विषय:** देवघाट गाउँपालिका उप सेवा केन्द्र सञ्चालन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** देवघाट गा.पा.को वडा नं. २ र ३ को नागरीहरुलाई प्रशासकीय केन्द्र देवघाटमा सेवा लिना असाध्यै अप्ठ्यारो र असहज भएको हुँदा देवघाट गाउँपालिकाको उप सेवा केन्द्र सञ्चालनका लागि देवघाट – ३ छिपछिपे भञ्ज्याङ्ग (दुर्गम) उप सेवा केन्द्र सञ्चालन गर्ने निर्णय गरियो ।

**६. प्रस्तावको विषय:** नमूना स्वास्थ्य चौकी बनाउने सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** देवघाट गाउँपालिकाको वडा नं. २ र ३ को केन्द्रविन्दु देवघाट गा.पा. वडा नं. ३ छिपछिपे भञ्ज्याङ्ग भएकोले र सो स्थानमा गाउँपालिकाको उप सेवा केन्द्र पनि रहन गएकोले सोही स्थानमा रहेको छिपछिपे स्वास्थ्य चौकीलाई देवघाट गा.पा.को नमूना स्वास्थ्य चौकी बनाउने निर्णय गरियो ।

**७. प्रस्तावको विषय:** नमूना बाल विकास केन्द्र बनाउने सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** देवघाट गा.पा. वडा नं. १ वर्षाखोलामा वर्षा खोला बाल विकास केन्द्र रहेकोले सो बाल विकास केन्द्रलाई नमूना बाल विकास केन्द्र बनाउने निर्णय गरियो ।

**८. प्रस्तावको विषय:** गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुको आन्तरिक व्यवस्थापन सम्बन्धि गरेका निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** चालु आ.व. २०७७/०७८ मा कार्यालय सम्बन्धि कार्य सम्पादनका क्रममा गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुको आन्तरिक व्यवस्थापन सम्बन्धि गरेका निर्णयहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**९. प्रस्तावको विषय:** ५ नं. वडा कार्यालयको प्रशासनिक कार्य सञ्चालन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** देवघाट गाउँपालिका वडा नं. ५ स्थित देवघाट स्वास्थ्य चौकीको स्तरोन्नती गरी देवघाट आधारभूत अस्पताल १० बेडको भवन निर्माण प्रयोजनार्थ वडा कार्यालयको भवन भत्काई निर्माण कार्य हुने भएको हुँदा विद्यालय व्यवस्थापन समिति र सरोकारवालाहरुसँग समन्वय गरी अर्को व्यवस्था नहुँदा सम्मका लागि श्री चक्रवर्ती आधारभूत विद्यालय घिनाटारमा ५ नं. वडा कार्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**१०. प्रस्तावको विषय:** नगर प्रहरीको रासन भत्ता सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** नगर प्रहरीलाई मासिक रुपमा दिइदै आएको जनही रासन भत्ता बापतको रकम रु. ३,५००/- मा रु. ५००/- थप गरी रु. ४,०००/- नगदै राशन भत्ता बापतको रकम २०७७ माघ १ गते देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**११. प्रस्तावको विषय**: जिल्ला समन्वय समिति मौज्दात कोषको रकमबाट योजना सञ्चालन गर्न योजना छनौट सम्बन्धमा ।
**निर्णयको व्यहोरा**: चालु आ.व. २०७७/०७८ को लागि जिल्ला समन्वय समिति तनहुँको मौज्दात कोषको रु. ३० लाख बजेटको कार्यान्वयनका लागि तपशिल बमोजिमका योजनाहरु छनौट गरी स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

| | |
|---|---|
| क) २ नं. वडा कार्यालयको कम्पाण्ड तथा गेट निर्माण | रु. १५,००,०००.०० |
| ख) ४ नं. वडा कार्यालयको कम्पाण्ड तथा गेट निर्माण | रु. १५,००,०००.०० |

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

१२. **प्रस्तावको विषय**: देवघाट ५ स्थित आधारभूत अस्पताल भवन निर्माणको DPR प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

**निर्णयको व्यहोरा**: नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत भएको देवघाट गाउँपालिका वडा नं. ५ स्थित आधारभूत अस्पताल १० बेडको भवन निर्माणको लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) पारित गरी रु. १२,९७,००,०००/- को ठेक्का लगाउन बोलपत्र आव्हानको लागि आवश्यक प्रक्रिया बढाई निर्माण सम्बन्धी कार्यलाई यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो ।

१३. **प्रस्तावको विषय:** शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** नेपाल सरकारबाट निर्णय भए बमोजिम शिक्षा विकास तथा समन्वय इकाई तनहुँको प्राप्त पत्रानुसार देवघाट गाउँपालिकाको लागि थप भई स्वीकृत गरिएका शिक्षक दरबन्दी व्यवस्थापन गर्नका लागि आवश्यक कार्य प्रक्रिया पुरा गरी चालु आ.व./शैक्षिक सत्र अवधि सम्ममा सबै विद्यालयहरुमा शिक्षकको दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

१४. **प्रस्तावको विषय:** विद्यालय लेखा परीक्षण शुल्क तथा सूचिकृत, शिक्षक सरुवा सहमती सिफारिस शुल्क सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** क) देवघाट गाउँपालिका अन्तर्गतका विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा-परीक्षक सूचिकृत देहाय बमोजिमको शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) "क" श्रेणी लेखा-परीक्षक | रु. ३,०००/- |
| २) "ख" श्रेणि लेखा-परीक्षक | रु. २,०००/- |
| ३) "ग" श्रेणी लेखा-परीक्षक | रु. १,५००/- |
| ४) "घ" श्रेणी लेखा-परीक्षक | रु. १,०००/- |

ख) देवघाट गाउँपालिका अन्तर्गतका विद्यालयहरुको लेखा परीक्षणका लागि लेखा परीक्षण गर्न कुल कारोबार रकमको रु. ०.२% रकम निर्धारणका लागि सिफारिस गर्ने निर्णय गरियो ।

ग) देवघाट गाउँपालिका अन्तर्गतका शिक्षकहरु अन्तर जिल्ला सरुवाका लागि तपशिल बमोजिम सिफारिस शुल्क निर्धारण गर्ने गरियो ।

| | |
|---|---|
| १) प्रा.वि. तह शिक्षक | रु. १,०००/- |
| २) नि.मा.वि. तह शिक्षक | रु. १,५००/- |
| ३) मा.वि. तह शिक्षक | रु. ३,०००/- |

१५. **प्रस्तावको विषय:** देवघाट गाउँ सभा सदस्यले पाउने सुविधा सम्बन्धी नियमावली, २०७७ संशोधन सम्बन्धमा ।

**निर्णयको व्यहोरा:** गाउँपालिका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा गण्डकी प्रदेश सरकारबाट स्वीकृत कानूनी व्यवस्था (राजपत्र) मा उल्लेखित व्यवस्थाको अधिनमा रही देवघाट गाउँ सभा सदस्यले पाउने सुविधा सम्बन्धी नियमावली, २०७७ को अनुसूची – १ को क्र.सं. क) (३) अन्तर्गत गाउँपालिका अध्यक्षको सुविधाको किसिम महलको यातायात सुविधा प्रति महिना रु. १२,०००/- मिति २०७७ माघ १ गते देखि लागू हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

१६. **प्रस्तावको विषय:** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) अन्तर्गत देवघाट पुलको मुख देखि वेणीसम्म जाने नदी पर्यटकीय मार्ग समेत बन्ने गरि तटबन्ध निर्माणको लागि रु. ६४ लाख रकममा लागत साझेदारी बापत संकलन गर्नुपर्ने रकम रु. ६४ लाख उक्त स्थानबाट नजुट्ने भएको हुँदा गाउँपालिकाको

उच्च प्रथमिकतामा रहेको वडा नं. १, २, ३ र ४ जोड्ने गाईघाट, छिपछिपे, सानुभञ्ज्याङ्गमा मोटर मार्ग निर्माण गर्ने कार्य प्रक्रियाको लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

१७. **प्रस्तावको विषय:** सशर्त अनुदानको वैकल्पिक उर्जा प्रबर्द्धनको कार्यक्रम संशोधन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** सशर्त अनुदानको वैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु रहेकोमा कार्यक्रमको प्रकृति मिल्दोजुल्दो भएको हुँदा कार्यक्रमलाई मागमा आधारित भई कार्यान्वयन प्रभावकारीता, सहज र नतिजामुखी बनाउने उद्देश्यले सुधारिएको चुलो (बायोमास) प्रविधि जडानको रकम रु. २,००,०००.०० र सौर्य उर्जा प्रबिधि जडानको रकम रु. ३,००,०००.०० गरी जम्मा रकम रु. ५,००,०००.०० कार्यक्रम र बजेट संशोधन गरी बायोग्यास जडान कार्यको रकम रु. २,००,०००.०० मा जोड गरी जम्मा रकम रु. ७,००,०००.०० गरी एउटै वायोग्यास कार्यक्रम कार्यान्यवन गरी संशोधन गर्ने निर्णय गरियो ।

१८. **प्रस्तावको विषय:** योजना, कार्यक्रम तथा बजेट संशोधन गर्ने सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** आर्थिक वर्ष २०७७/०७८ का लागि नीति, कार्यक्रम तथा बजेट मिति: २०७७/०३/१० को छैठौं गाउँ सभाबाट स्वीकृत भएकोमा हालको आवश्यकता र बजेट खर्चको अवस्था अनुसार तपशिल अनुसार योजना, कार्यक्रम तथा बजेट संशोधन गर्ने निर्णय गरियो ।
**तपशिल:**
क) चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु लगत कट्टा गरी संचित कोषमा दाखिला गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रम | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | अभिभावक शिक्षा सञ्चालन | १००,०००.०० | |
| २ | कार्यक्रम खर्च | १,५००,०००.०० | |
| ३ | SEE र आधारभूत तहमा उत्कृष्ठ अंक ल्याउने छात्र छात्रलाई सम्मान, पदक तथा नगद पुरस्कार | १००,०००.०० | |
| ४ | सवारी साधन खरिद | १,५००,०००.०० | |
| ५ | अन्य सार्वजनिक सम्पत्ति भवन मर्मत सुधार | ५००,०००.०० | |
| ६ | नदीजन्य पदार्थ उत्खनन क्षेत्रमा भौतिक, सामाजिक, आर्थिक विकास | २,०००,०००.०० | |
| ७ | वडा नं. ३ वडा कार्यालय माथि कोठा थप | ५००,०००.०० | |
| ८ | आमडाँडा सहकारी कागती बारी सडक निर्माण | ५००,०००.०० | |
| ९ | विद्यालयमा स्वास्थ्य शिक्षा, आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन कार्यक्रम | १००,०००.०० | |
| १० | हेलिप्याड निर्माण | ५०,०००.०० | |
| ११ | पूर्वाधार निर्माण सहित डकर्मी तालिम | ३००,०००.०० | |
| १२ | मौरी पालन प्रशोधन सामाग्री वितरण तथा अभिमुखिकरण कार्यक्रम | १००,०००.०० | |
| १३ | आदिवासी जनजाति संग्राहालय देवघाट ४ | ५०,०००.०० | |
| १४ | क्षमता विकास (टोल, जनशक्ति, समुह, संघ, संस्था) | १००,०००.०० | |
| १५ | जोत्ने ट्र्याक्टर (मिनि ट्र्याक्टर ५०% अनुदान) | ५००,०००.०० | |
| १६ | वि.व्य.स. अध्यक्षहरु तथा पदाधिकारीसँग शैक्षिक सुधारका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन | १००,०००.०० | |

नरहरि ... प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा अध्यक्ष

| क्र.सं. | योजना तथा कार्यक्रम | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १७ | स्वास्थ्य विमा प्रचार/समिक्षा अनुदान | १००,०००.०० | |
| १८ | सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरुलाई सशर्त चालु अनुदान | १,०००,०००.०० | |
| १९ | दासढुङ्गा गेट निर्माण | ५००,०००.०० | |
| २० | दासढुङ्गा प्रहरी विट निर्माण | ५००,०००.०० | |
| | जम्मा | १०,१००,०००.०० | |

ख) चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुको बजेट संशोधन गरी संचित कोषमा दाखिला गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजित रकम (रु.) | संशोधित रकम (रु.) | संचित कोषमा दाखिला रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरसफाईसेवा शुल्क | १,५००,०००.०० | १,०००,०००.०० | ५००,०००.०० | |
| २ | विषयगत तालिम सञ्चालन | ३५०,०००.०० | १५०,०००.०० | २००,०००.०० | |
| ३ | सिटी हल भौतिक पूर्वाधार तथा फर्निचर फिक्चर्स | १,०००,०००.०० | ४,५०,०००.०० | ५५०,०००.०० | |
| ४ | अन्य पर्यटन गतिविधि | ३५०,०००.०० | १५०,०००.०० | २००,०००.०० | |
| ५ | पूर्ण सरसफाई कार्यक्रम, गा.पा. घोषणा | १,०००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | |
| ६ | बालमैत्री कार्यक्रम | १,०००,०००.०० | २००,०००.०० | ८००,०००.०० | |
| ७ | वातावरणमैत्री कार्यक्रम, जलवायु अनुकुलन कार्यक्रम | ७००,०००.०० | १००,०००.०० | ६००,०००.०० | |
| ८ | शिक्षा इकाई व्यवस्थापन | २००,०००.०० | ५०,०००.०० | १५०,०००.०० | |
| ९ | सुशासन प्रवर्द्धन, क्षमता विकास कार्यक्रम, कर्मचारी तालिम | ६००,०००.०० | ५००,०००.०० | १००,०००.०० | |
| १० | आधारभूत तह कक्षा ८, ५ र ३ को परीक्षा सञ्चालन र व्यवस्थापन | ७००,०००.०० | ५००,०००.०० | २००,०००.०० | |
| ११ | हाट बजार व्यवस्थापन (देघाट १ र ५) | ४००,०००.०० | ३००,०००.०० | १००,०००.०० | वडा नं. १ र ५ का लागि १ लाख ५० हजार |
| १२ | अनुगमन, मूल्यांकन खर्च | ८००,०००.०० | ६००,०००.०० | २००,०००.०० | |
| १३ | कक्षा अवलोकन, विद्यालय अनुगमन र निरिक्षण | १००,०००.०० | ५०,०००.०० | ५०,०००.०० | |
| १४ | भ्रमण खर्च | १,५००,०००.०० | १,३००,०००.०० | २००,०००.०० | |
| १५ | विविध खर्च | २,०००,०००.०० | १,५००,०००.०० | ५००,०००.०० | |
| १६ | देवघाट सेवा केन्द्र अनुदान | १००,०००.०० | ५०,०००.०० | ५०,०००.०० | |
| १७ | घरभाडा | २,०००,०००.०० | १,८००,०००.०० | २००,०००.०० | |
| १८ | कोभिड-१९ भैपरी | ३,०००,०००.०० | ५००,०००.०० | २,५००,०००.०० | |
| १९ | भैपरी आउने चालु खर्च | २,०००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० | |

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजित रकम (रु.) | संशोधित रकम (रु.) | संचित कोषमा दाखिला रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| २० | भैपरी आउने चालु खर्च २ | १,०००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | |
| २१ | भैपरी आउने चालु खर्च ३ | १,५००,०००.०० | ८००,०००.०० | ७००,०००.०० | |
| २२ | फर्निचर तथा फिक्चर्स | २,०००,०००.०० | १,७००,०००.०० | ३००,०००.०० | |
| २३ | विभिन्न विद्यालयहरुमा फर्निचर, झ्यालढोका | ८००,०००.०० | ५००,०००.०० | ३००,०००.०० | |
| २४ | पशु विकास फर्म घाँस नर्सरी स्थापना | २००,०००.०० | ५०,०००.०० | १५०,०००.०० | |
| २५ | म.स्वा.से. हरुको मासिक प्रतिवेदन, रिफ्रेसर तालिम, सञ्चार खर्च, अर्धवार्षिक गोष्ठी, म.स्वा.से.हरुका लागि झोला छाता आवश्यक सामाग्री खरिद | ६८४,०००.०० | ५६४,०००.०० | १२०,०००.०० | |
| २६ | राष्ट्रिय भिटामिन ए र जुकाको औषधी वितरण कार्यक्रम तथा अनुगमन/म.स्वा.से. अन्य कार्यक्रमको लागि म.स्वा.से.हरुलाई खाजा खाना यातायात खर्च | ११०,०००.०० | ७०,०००.०० | ४०,०००.०० | |
| २७ | परिवार नियोजन कार्यक्रम/आवश्यक स्वास्थ्य कार्यक्रम सञ्चालन तथा व्यक्ती करार नपुग तलव, फिल्ड भत्ता खर्च | ३८६,०००.०० | २३६,०००.०० | १५०,०००.०० | |
| २८ | महामारी तथा भैपरी आउने, आवश्यक औषधी खरिद | ५००,०००.०० | २००,०००.०० | ३००,०००.०० | |
| २९ | स्वास्थ्य सेवाका कर्मचारीका लागि मासिक, चौमासिक, वार्षिक गोष्ठी सञ्चालन तथा सञ्चार, ईन्धन खर्च | ४५०,०००.०० | ४००,०००.०० | ५०,०००.०० | |
| ३० | वडा नं. २ स्वास्थ्य चौकी ट्रस तथा कोठा निर्माण | १,०००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | |
| ३१ | गाउँपालिका भवन निर्माण | ४०,०००,०००.०० | ३४,०००,०००.०० | ६,०००,०००.०० | |
| | **जम्मा** | ६७,९३०,०००.०० | ५०,२२०,०००.०० | १७,७१०,०००.०० | |

ग) चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुने तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुको बजेट संशोधन गरी संचित कोषबाट रकम थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजित रकम (रु.) | थप बजेट रकम (रु.) | संशोधित विनियोजन रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाल्टे शिवालय मन्दिर | २००,०००.०० | १००,०००.०० | ३००,०००.०० | १ लाख थप गरी मन्दिर तथा पार्क निर्माणको DPR र महायज्ञ |

गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

| क्र.सं. | योजना तथा कार्यक्रम | विनियोजित रकम (रु.) | थप बजेट रकम (रु.) | संशोधित विनियोजन रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| २ | नयाँ वस्ती कालिका मन्दिर | ५०,०००.०० | ५०,०००.०० | १००,०००.०० | ५० हजार थप गर्ने |
| ३ | बर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग स्टाफहरुलाई केस गराइ बापत र रात्री खाजा भत्ता | ५०,०००.०० | ७०,०००.०० | १२०,०००.०० | ७० हजार थप गर्ने |
| ४ | स.का. को थप प्रोत्साहन तलव | ७००,०००.०० | १,०००,०००.०० | १,७००,०००.०० | १० लाख थप गर्ने |
| ५ | संघ संस्थासँग आयोजना कार्यक्रममा लागत साझेदारी सहकार्य गर्ने | ५,३००,०००.०० | ३,५००,०००.०० | ८,८००,०००.०० | ३५ लाख थप गरी हेफर इन्टरनेशनल सँग सहकार्य |
| ६ | धार्मिक क्षेत्रमा भगिनी शहर (Sister City) सम्बन्ध कायम गर्ने सम्बन्धि कार्यक्रम | १००,०००.०० | २००,०००.०० | ३००,०००.०० | २ लाख थप गर्ने |
| ७ | म.स्वा.से.कर्मीहरुका लागि आवश्यक क्षमता विकास तालिम | २००,०००.०० | ५०,०००.०० | २५०,०००.०० | म.स्वा.स्वयंसेविका तथा स्वास्थ्यकर्मी हरुका लागि भ्रमण तथा क्षमता विकास कार्यक्रम संशोधन गर्ने |
| ८ | मर्मत संभार कोष अनुदान | ३,०००,०००.०० | ३,४००,०००.०० | ६,४००,०००.०० | |
| ९ | सवारी साधन मर्मत | ६००,०००.०० | ८००,०००.०० | १,४००,०००.०० | |
| १० | कृषि तथा पशु मेला प्रदर्शन | २००,०००.०० | ३००,०००.०० | ५००,०००.०० | |
| | **जम्मा** | १०,४००,०००.०० | ९,४७०,०००.०० | १९,८७०,०००.०० | |

घ) चालु आ.व. २०७७/०७८ मा सञ्चालन हुन नसकेका योजना तथा कार्यक्रमहरुको लगत कट्टा गरि संचित कोषमा जम्मा भएको रकम र बजेट संशोधन गरी संचित कोषमा जम्मा भएको रकमबाट व्ययभार हुने गरी तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | आवधिक योजनाको लागि | १,०००,०००.०० | |
| २ | कार्यपालिकाको निर्णयानुसार ढुङ्गा गिट्टी उत्खनन तथा व्यवस्थापनको १५% सम्बन्धित क्षेत्रको लागि बजेट व्यवस्था गर्नुपर्ने | १,२००,०००.०० | |
| ३ | सिद्ध आ.वि. देवघाट ४ पार्लाङ्गको लागि जग्गा खरिद बापतको रकम भुक्तानी | २००,०००.०० | |
| ४ | महिला उद्यमी विकास अन्तर्गत मखमली झोला बुनाई तालिम | १२०,०००.०० | |
| ५ | कोरोना व्यवस्थापनमा प्रयोग भएको रेडक्रसको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन बापत भुक्तानी | २००,०००.०० | |
| ६ | नेपाल रेडक्रस सोसाइटी देवघाटलाई एम्बुलेन्स व्यवस्थापन बापत भुक्तानी | ४०,०००.०० | |
| ७ | ढुङ्गा गिट्टी बालुवाको प्रदेश पठाउने | ३,१००,०००.०० | |
| ८ | गत सालको वहाल कर | ३००,०००.०० | |

प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ९ | राजश्व सुधार तथा व्यवस्थापन परामर्श | ४००,०००.०० | |
| १० | अपाङ्ग परिचय पत्र वितरण कार्यक्रम | १५०,०००.०० | |
| ११ | महिला तथा बालबालिकाका लागि क्षमता अभिवृद्धि तथा आयआर्जन तालिम कार्यक्रम | २००,०००.०० | |
| १२ | अन्य परामर्श (सफ्टवेयर निर्माण तथा व्यवस्थापन) | १,२००,०००.०० | |
| १३ | सार्वजनिक सुनुवाई सामाजिक परिक्षण | ३००,०००.०० | |
| १४ | भूमि व्यवस्थापन तथा सहजीकरण कार्यक्रम | ६००,०००.०० | |
| १५ | शहिद सप्ताह कार्यक्रम | ३५०,०००.०० | |
| १६ | काफलडाँडा लिफ्टिङ्ग खानेपानी योजनाको साझेदारी बापत रकम वडा नं. ४ (वैकल्पिक उर्जा प्रवर्द्धनबाट स्वीकृत कार्यक्रम) | ५००,०००.०० | |
| १७ | जिल्ला मगर संघ भवन निर्माण | १००,०००.०० | |
| १८ | जनजाती संग्राहालय देखि कर्तापु जोड्ने सडक | ५०,०००.०० | |
| १९ | रातमाटे सामुदायिक भवन निर्माण | ३००,०००.०० | |
| २० | रातमाटे मोटर मार्ग ग्राभेल | २००,०००.०० | |
| २१ | दासढुङ्गा, बबईघाट हुँदै गाईघाट मो. मार्ग (नयाँ ट्र्याक) | ५००,०००.०० | |
| २२ | देवघाट गाउँपालिकाको पर्यटन र विकास सम्बन्धि वृत्तचित्र निर्माण | ५००,०००.०० | |
| २३ | विज्ञ परामर्शदाता/प्राविधिकबाट देवघाट गाउँपालिकाको मद्यावधि (अढाई वर्ष) समिक्षा तथा उपलब्धि पुस्तिका निर्माण | ६००,०००.०० | |
| २४ | महिला स्वास्थ्य स्वयंसेविकाको लागि बिदाई कार्यक्रम | ४०,०००.०० | |
| २५ | सरसफाई तथा पोषण सम्बन्धि व्यवहारमा परिवर्तन प्याकेज कार्यक्रम | ५०,०००.०० | |
| २६ | स्वास्थ्य संस्था तथा टोल सुधारलाई स्ट्रेचर खरिद गरी वितरण कार्यक्रम | ३००,०००.०० | |
| २७ | गाउँपालिकाबाट नियुक्त भएका ७ जना स.का.हरुको लागि पोशाक भत्ता | ७०,०००.०० | |
| २८ | सिंच्याङ्ग सार्वाङ्ग साराङघाट मो.मार्ग देखि श्री सिद्ध आधारभुत विद्यालयसम्म जोड्ने मोटर मार्ग निर्माण | २००,०००.०० | |
| २९ | तिनकन्या टो.वि.स. भवन निर्माण | १५०,०००.०० | |
| ३० | पाखाटोल टो.वि.स. भवन निर्माण | ५००,०००.०० | |
| ३१ | देवघाट गाउँपालिकाको प्रवेश द्वार दासढुङ्गा पुल क्षेत्रमा सि.सि. क्यामेरा जडान तथा व्यवस्थापन | १००,०००.०० | |
| ३२ | अन्तर स्थानीय तह असल अभ्यास कार्यहरु सिकाई अवलोकन भ्रमण | ३००,०००.०० | |
| | **जम्मा** | १३,८२०,०००.०० | |

ङ) यस वर्षको अविरल वर्षाको कारण देवघाट गाउँपालिका क्षेत्रभित्रका विभिन्न ग्रामिण सडकहरुमा क्षति हुन गई यातायात आवागमन हुन नसकेकोमा तत्काल प्राविधिक कर्मचारीबाट फिल्ड अवलोकन/निरिक्षण र लागत ईष्टिमेटका आधारमा मर्मत गरिएका निम्नानुसारका सडक खण्डहरुको प्राविधिक मूल्यांकनबाट मर्मत सम्भार कोष अनुदानबाट व्ययभार हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | फोहोर मैला व्यवस्थापन कार्य | ८२,४२६.२९ | |

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| २ | वसन्तपुर जाने देउती वन बाटोको पुल मर्मत कार्य | ११,६४०.०० | |
| ३ | खाल्टे देखि मास्दी बाटो मार्मत कार्य | ३४३,२१७.६३ | |
| ४ | शालिग्राम करिडोर मार्ग देउपुर देउती खोला देखी छेरङ्गा खोला सम्म बाटो मर्मत कार्य | ४७५,८३३.०० | |
| ५ | गाईघाट सिंच्याङ्ग छिपछिपे सानुभञ्ज्याङ्ग मो. मार्गको गाईघाट खण्डको उकालो खण्डमा ग्याबियन जाली लगाउने कार्य | ४८७,९६०.२४ | |
| ६ | साउने देखी कोटासम्म बाटो मर्मत | ३१५,४८७.८६ | |
| ७ | दुईघरे चोकबाट आईलिम सिंच्याङ्ग चारघरे मोटर मार्ग मर्मत कार्य | ३२२,३५७.२२ | |
| ८ | काफलडाँडा देखी गाईघाट मोहोरिया हुँदै आमडाँडा पहिरो सफा गर्ने कार्य | ४७३,५९२.०७ | |
| ९ | शहिद मार्ग वसन्तपुर जाने बाटो निर्माण | १९४,०००.०० | |
| १० | वडा नं. ५ भित्रका सडक मर्मत | २३७,५२१.९९ | |
| ११ | गाईघाट सिंच्याङ्ग छिपछिपे सानुभञ्ज्याङ्ग मो. मार्गको गाईघाट खण्डको पहिलो मोडको उकालो खण्डमा ग्याबियन जाली लगाउने कार्य | ४०६,७८७.५० | |
| १२ | वडा नं. ३ को एकमुष्ठ बाटो मर्मत | १६३,०००.०० | |
| १३ | कोटा देखी ब्यागन बाटो मर्मत | ४९९,८०६.०० | |
| १४ | गाईघाट काफलडाँडा छिपछिपे भञ्ज्याङ्ग सानो भञ्ज्याङ्ग मर्मत | १६३,६३०.०० | |
| १५ | देउपुर साँढेबगर स्तरोन्नती | ४९८,४००.५१ | |
| १६ | वडा नं. १ बाटो मर्मत | २००,०००.०० | |
| १७ | वडा नं. २ वडा कार्यालय जाने बाटो मर्मत | २००,०००.०० | |
| १८ | सिद्ध प्रा.वि. जाने बाटो | ४१३,०००.०० | |
| १९ | रातमाटे मोटर मार्ग ग्राभेल | १९०,०००.०० | |
| | **जम्मा** | **५,६७८,६६०.३१** | |

**१९. प्रस्तावको विषय:** वार्षिक स्वीकृत योजना, कार्यक्रम संशोधन गर्ने सम्बन्धमा ।

**निर्णयको व्यहोरा:** वडा समितिको निर्णय बमोजिम प्राप्त चालु आ.व. मा सञ्चालन हुने वार्षिक स्वीकृत योजना, कार्यक्रमको देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रम | बजेट | वडा नं. | संशोधित योजना तथा कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | तारिका खोला खा.पा. योजना | २,००,००० | ५ | रानिपानी खा.पा. योजना | |
| २ | माझटोल खा.पा. योजना | १,५०,००० | ५ | वटौले खा.पा. योजना | |
| ३ | साँढेवगर सिंचाई डुम्रेल खोला | ३,००,००० | ५ | १) पाखुरीखोला सिंचाई रु. १,००,०००<br>२) वसन्तपुर देवघाट टोल विकास भित्र खा.पा. पाइप रु. २,००,००० | |
| ४ | नाल्वुङ्ग फलफुल तथा तरकारी सिंचाई पाइप | १,००,००० | ३ | हल्दुङ्ग मोटर मार्ग निर्माण | |
| ५ | कदमपानी खोल्सी भु-क्षय नियन्त्रण | २,५०,००० | ३ | प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि थप | |

| क्र.सं. | योजना तथा कार्यक्रम | बजेट | वडा नं. | संशोधित योजना तथा कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| ६ | खानेपानी तथा सरसफाइ समपुरक | १,५०,००० | १ | १) लालिगुँरास ट्यांकी मर्मत रु. २०,००० <br> २) वर्षाखोला वालढोडे स्लेप र धारा निर्माण रु. ५०,००० <br> ३) वडा स्तरीय सरसफाई तथा खेल प्रतियोगिता रु. | |
| ७ | वडा नं. १ वडा कार्यालय भवन मर्मत सुधार | ५,००,००० | १ | १ नं. वडा कार्यालय भवन मर्मत तथा वडा कार्यालय जाने बाटो मर्मत | |
| ८ | चामनवेशी माछा पोखरी निर्माण | १,५०,००० | ४ | सार्वाङ्ग काढेश्वारा पदमार्ग निर्माण | प्र.म.रो. |

२०. **प्रस्तावको विषय:** प्रधानमन्त्री रोजगार कार्यक्रमको थप बजेटको योजना तथा कार्यक्रम सम्बन्धमा ।

**निर्णयको व्होरा:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु. १७,५८,०००.०० रकम थप भएको हुनाले उक्त रकम अन्तर्गत वडा स्तरबाट छनौट भई आएका देहाय बमोजिमको योजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रम | ठेगाना | बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | वर्षाखोला देखि मानहुँ, कोटथाम हुँदै घण्टाचुली जाने पदमार्ग निर्माण | देवघाट – १ | ८,८०,०००.०० | |
| २ | छरछरे झरना ग्यावियन जालि भर्ने कार्य | देवघाट – १ | १,०८,०००.०० | |
| ३ | देवघाट – २ खाल्टे कालिका मन्दिर जाने सिडी मार्ग निर्माण | देवघाट – २ | ५०,०००.०० | |
| ४ | लुङ्ग्रीङ देखि कालिका मन्दिर जाने पदमार्ग निर्माण | देवघाट – ३ | १,५०,०००.०० | |
| ५ | देवघाट – ४ को मुलबाटोमा ग्यावियन जाली भर्ने काम | देवघाट – ४ | २,५०,०००.०० | |
| ६ | रातामाटे टोल मुल सडकबाट भित्री बाटो जाने पदमार्ग निर्माण | देवघाट – ५ | ३,००,०००.०० | |
| ७ | देवपुर चौतारो देखि कालीगण्डकी नदी सम्म जाने पदमार्ग | देवघाट – ५ | २०,०००.०० | |
| | | जम्मा | १७,५८,०००.०० | |